# नेपाली कृषिको भूमिगत योजना
# असफलता पक्का गरिएको नयाँ कृषि रणनीति[1]

✍ **कृष्ण पौडेल**

दुई सय वर्षअघि विश्वको जनसंख्या एक अर्ब मात्र भएकोमा अहिले सात अर्ब पुगेको छ । त्यति बेला कृषि उत्पादनको प्रतिस्पर्धा मानिसहरू बीच मात्र थियो भने विगत सय वर्षदेखि यसको प्रतिस्पर्धामा पशुपक्षी पनि थपिएका छन् । ७० को दशकदेखि सुरु भएको खनिज तेल संकट पछि त अन्नपातका उपभोक्ता मानिस, जनावर र तेलबाट चल्ने यन्त्रहरू समेत हुन पुगेका छन् । यसैको परिमाण हो, विश्वव्यापी खाद्यान्नको अत्यधिक मूल्य वृद्धि । अझ यस माथि प्रतिकूल जलवायु परिवतर्नले स्थितिलाई झनै जटिल बनाउँदै छ ।

नेपाल जस्ता देशमा खेतीपातीबाट घर धान्न नसकेपछि रोजगारीको खोजीमा सहर तथा विदेश जाने क्रम तीव्र छ । खेतीपातीबाट जीवनयापनका आधारभूत आवश्यकता पूरा नहुँदा कृषि जमिन बाँझो छोड्ने क्रम बढ्दो छ । गरिएको खेती पनि उत्पादनशील हुन नसक्दा कृषि उत्पादन घट्दो छ । परिणामस्वरूप, अहिले अर्बौं मूल्य बराबरको खाद्यान्न, माछामासु तथा फलफूल आयात भइरहेको छ । चरम सामाजिक विभेद, षोषण, गरिबी, अभाव र असुरक्षाले एकआपसमा अविश्वास र सामाजिक वैमनस्यता समेत बढाएको छ । सिंगो समाज र कृषि अर्थतन्त्रमा आएको यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फेरबदल सँगै नेपाली अर्थ तन्त्रको आधार कृषिको रूपान्तरण अपरिहार्य भइसकेको छ । यसका लागि उपयुक्त कृषि विकासको ढाँचा र त्यसमा आधारित कृषि विकास रणनीति बनाउनुपर्ने कुरामा दुई मत छैन ।

यति नै बेला एसियाली विकास बैंक र नेपालमा कार्यरत सबैजसो दाताहरूको सहयोगमा कृषि रणनीति बनाउने काम भैरहेको छ । यो रणनीति बनाउने कार्यदलले विगतका कृषि नीतिको समीक्षा र त्यसका आधारमा तयार पारिएको कृषि विकासको दृष्टिकोण मस्यौदा प्रस्तुत गरेको छ । उक्त समीक्षामा २० वर्षे दीर्घकालीन कृषि योजनाको असफलतालाई नीतिगत प्रतिबद्धता र कार्यान्वयन क्षमतामा कमजोर भएको निर्क्यौल गरिएको छ । "आफै बोक्सी आफै धामी" भन्ने नेपाली उखानलाई चरितार्थ गर्दै उक्त योजना बनाउने दाता र तिनका सहयोगीहरूबाट गरिएको यो समीक्षाको निष्कर्षले दीर्घकालीन कृषि योजनाको असफलताको कारणको विश्लेषण र यसबाट सिक्नुपर्ने पाठको वास्तविक बहसलाई तुहाएको मात्र छैन, यसको असफलताको अपजसको भारी नेपालीलाई बोकाएर दाताहरू पानी माथिको ओभानो बनेका छन् । यथार्थमा १८ वर्ष पहिले बनाएको उच्च लगानीको व्यापारिक कृषि योजनामा अनुदानको व्यवस्था गरिएको भए पनि योजना बनेको दुई वर्ष नबित्दै दाताहरूकै दबाबमा अनुदानमा कटौती गरेसँगै तुहिएको हो । त्यसो त उच्च लगानीको योजनाका प्रस्तावनाका आधारहरू नै गलत थिए ।

अहिले प्रस्ताव गरिएको कृषि विकास रणनीतिको मस्यौदामा प्रतिस्पर्धात्मक, दिगो र समावेशी कृषि क्षेत्रले आर्थिक विकास, जीवनस्तरमा सुधार र खाद्य तथा पौष्टिक सुरक्षा बढाउने परिकल्पना गरिएको छ । यसको ढाँचाका बारेमा मुख्य परामर्शदाताको प्रस्तुतिले यो रणनीतिको प्रस्ताव नेपाली आर्थिक सामाजिक परिवेशको यथार्थता तथा कृषि रूपान्तरणको वस्तुगत आधारको विश्लेषणबाट नभै खुल्ला बजार अर्थतन्त्रको आडमा कृषिलाई व्यापारिकरण गर्ने चिन्तनको जगमा तयार पारिएको देखिन्छ । सिमान्त उत्पादकत्वको सिद्धान्तमा आधारित कुल संसाधन उत्पादकत्व (Total Factor Productivity, TFP)[2] को प्राविधिक ढाँचामा प्रस्तुत रणनीतिको खाकाले कृषिलाई विशुद्ध प्राविधिक र आर्थिक क्रियाकलाप अनि नेपाली किसानलाई कृषि मजदुरको रूपमा चित्रण गर्दै, बहुर्राष्ट्रिय कम्पनी र अन्तर्राष्ट्रिय बैंकहरूको आर्थिक लगानी भित्र्याए मात्र नेपाली कृषिको रूपान्तरण हुने र नेपालको गरिबी हट्ने सपना बोकेको छ ।

स्मरणीय कुरा के छ भने यस्तै बाह्य लगानीमुखी कृषिले नै अहिलेको मानव स्वास्थ्य र पर्यावरणीय समस्या थोपर्दै साना तथा गरिब देशको कृषि अर्थत्रन्तलाई तहसनहस बनाएको हो । यो कुरा बुझ्न भारतीय किसानले विगत दश वर्षमा गरेका आत्महत्याका घटनाहरूलाई फर्केर हेरे मात्र पनि बुझ्न सकिन्छ । यो अवधिमा ऋण तिर्न नसकेर ५० हजारभन्दा बढी किसानले आत्महत्या

---

*१ यो लेख मिति २०६९।०६।०९ गते नागरिक दैनिकमा प्रकाशित लेखमा आधारित छ ।*

*२ कुल उत्पादनमा प्रभाव पार्ने संसाधनहरुको विष्लेषण आर्थिक प्राविधिक ढाँचा ।*

गरे । यसको मननसँगै साना तथा गरिब देशका कृषिका भविष्य जोगाउन साना किसानमैत्री कृषि विकासमा जोड दिनुपर्ने विश्वव्यापी बहस चलिरहँदा ल्याइएको यस्तो प्रस्ताव किसानमुखी हुन सक्दैन । मुख्य कुरा अहिलेकै अवस्थामा हाम्रो अर्थतन्त्रले पश्चिमी औद्योगिक अर्थतन्त्रसँग प्रतिस्पर्धा गर्न सक्दैन ।

अर्को कुरा यति बेला नीति-निर्माण प्रक्रिया, नीति परामर्शदाताको शैली र दाताहरूको भूमिकाको चिरफार गर्ने समेत बेला आएको छ । उदाहरणका लागि, २० वर्षे दीर्घकालीन कृषि योजना बनाउन परामर्श दिने नेपाली वरिष्ठ कृषि विज्ञले १८ वर्ष पछि मात्र त्यो योजना बनाउँदा दाताका ७० भन्दा बढी सर्त भएको खुलासा गरेबाट उनीहरूको निरीहता प्रस्ट हुन्छ । अहिलेसम्म पनि ती सर्त के थिए र किन राखिए थाहा पाउन सकिएको छैन । यो रणनीति बनाउँदा यस्ता सर्तहरू छन् कि छैनन् नेपाली जनताले कहिले थाहा पाउने ?

अर्को कुरा नेपाली कृषिलाई नाफा बढाउने प्राविधिक कृषिका रूपमा मात्र लिने हो भने यसको रूपान्तरण असम्भव प्रायः हुन्छ । उदाहरणका लागि नेपालको ५५ वर्षमा हुन नसकेको भूमिसुधार र दीर्घकालीन कृषि योजनाको असफलतालाई नकेलाइकन नवउदारवादी अर्थशास्त्रका सिद्धान्तको चश्मा लगाएर मात्र नेपाली कृषिको रूपान्तरणको दृष्टिकोण बनाउन सकिँदैन । तर विडम्बना अहिले पनि कृषि विकास रणनीतिका यही कुरा गरिँदै छ । देशको मूल कृषि समस्या रहेको भूमिसुधार र भूउपयोग रणनीति ख्याल नगरी गरिएको योजना सरकारको हो कि मात्र कृषि मन्त्रालयको ? यो योजना कार्यान्वयन गर्न बनाएको कि सहायता माग्न मात्र ? यस्ता प्रश्न धेरै छन् जसको मसिनो समीक्षा गर्न आवश्यक छ ।

यस प्रस्तावले कृषि विकासको असम्भव मार्गचित्र मात्र प्रस्तुत गरेको छैन् यस्ले नेपालले अपनाउँदै आएको तीन खम्बे अर्थनीति र नेपालका अधिक राजनीतिक पार्टीहरूले अवलम्बन गरेको सिद्धान्त समेत बेवास्ता गरेको छ । यसका बारेमा उनीहरू के भन्छन् सुन्न बाँकी नै छ । डर के छ भने सार्वजनिक बहसविनाको यो रणनीति फेल भएपछि मात्र उनीहरूले थाहा पाउने हुन कि ? सत्ताको होडले भएको बेफुर्सदको दाता र कर्मचारीतन्त्रले उपयोग गरिरहेको छ । अहिले कृषि, वन, ऊर्जा, शिक्षा, स्वास्थ सबै क्षेत्रमा रणनीति बनाउने होड नै चलेको छ, र यी कामहरू सकेसम्म छलफलमा ल्याउन नचाहेको कुरा त जगजाहेरै छ ।

नेपाली कृषिको रूपान्तरण गर्नका लागि अब बनाइने कृषि रणनीतिको ढाँचा र यसमा आधारित रणनीतिका सम्बन्धमा विचार गर्नुपर्ने कुरा के छ भने नेपालको तराईको केही समथर मैदानमा बाहेक उच्च लगानीको कथित हरित क्रान्तिमा आधारित कृषि प्रणालीको विकास सम्भव छैन । त्यसमा पनि ५० प्रतिशतभन्दा बढी भूमिमा शुष्क कृषि प्रणाली र ८७ प्रतिशत पहाडी भू-भाग भएको हाम्रो जस्तो मुलुकमा उच्च लगानीको सघन खेती प्रणालीको सपना बाँडनु भनेको नेपाल र नेपाली किसानहरूलाई सधैंका लागि रिनको भारी बोकाएर परनिर्भर बनाउनु मात्र हो ।

नेपालको कृषिलाई एकीकृत स्रोत व्यवस्थापनको अवधारणा अपनाउँदै संरक्षणमा आधारित कृषि प्रणाली विकास गरेर मात्र बचाउन सकिन्छ । यस्तो कृषि प्रणालीको विकास स्रोतहरूको संरक्षण र जीवनको समग्र विकासमा जोड दिने स्थानीय अर्थतन्त्रमा आधारित हुनुपर्छ । यस्तो प्रणालीले मात्र प्राकृतिक र सामाजिक मूल्यहरूमा आधारित कृषि अर्थतन्त्रलाई व्यवस्थित बनाउँछ । यसले जैविक, स्थानीय र घर-परिवारको आर्थिक स्थिति र स्वच्छ व्यापार, समुदायको नैसर्गिक अधिकारका साथै, कृषि, जमिन, वन र खाद्य अधिकारको प्रवर्द्धन गर्नुका साथै पारिस्थिकीय प्रणालीको दिगो व्यवस्थापन सम्भव बनाउँछ ।

यी सबै कुराले नेपालको कृषि विकासका लागि कस्तो ढाँचा उपयुक्त हुन्छ भन्ने कुरामा पर्याप्त बहसको खाँचो औंल्याउँछ । यस्तो बहसमा सबै खाले विचार समूहको सहभागिता र वस्तुगत विश्लेषणबाट मात्र नेपालको कृषि रणनीतिको ढाँचा पहिल्याउनुपर्ने कुरामा जोड दिन्छ । त्यसो भए अब हाम्रो भविष्य के त ? आम नेपाली किसानले सोध्ने प्रश्न यही हो । यो प्रश्नले हामीजस्ता नेपालको कृषि बिग्रेकोमा ओठे गफ लडाउनेहरूलाई गिज्याएको छ । यस्तो प्रश्न अप्रिय लागे पनि यसको विषयमा व्यापक बहस गरी उपयुक्त कृषि विकास ढाँचाको निर्माण गर्न सबै सरोकारवालाहरू सक्रिय हुनुको कुनै विकल्प छैन् ।

अन्त्यमा अमेरिकी आदिवासीको "जब यस धर्तीको अन्तिम रुख काटिनेछन, अन्तिम माछा मारिनेछ र अन्तिम नदी दूषित हुनेछ त्यसबेला हामीलाई महसुस हुने छ कि हामी पैसा खाएर बाँच्न सक्दैनौं भनाइको मननसँगै नेपाली कृषिको रूपान्तरणको बहसमा सबै सरोकार समूहहरूको सक्रिय सहभागिता र सोचले मात्र नेपाली कृषि दिगो जीवन पद्धतिको आधार हुनेछ ।

_______........